# रिब्दीकोट गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः २ रिब्दीकोट फागुन १६, २०७५ साल संख्याः १**

**भाग – २**

## रिब्दीकोट गाउँपालिका

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ बमोजिम गाउँ सभाले बनाएको तल लेखिए बमोजिम भैरवस्थान मन्दिर परिषरमा कोसेली घर सञ्चालन कार्यविधि सर्वसाधारणको जानकारीका लागि प्रकाशन गरिएको छ ।

## भैरवस्थान मन्दिर परिषरमा कोसेली घर सञ्चालन कार्यविधि २०७५

कार्यपालिकाबाट पारित मिति २०७५।११।१६

प्रस्तावना

ऐतिहासिक धार्मिक धरोहर भैरवस्थान मन्दिर परिसरबाट सफा, शुद्ध जैविक र मन्दिर परिसरमा गरिने व्यापारसँग सम्भव भएसम्म पृथक खालका रैथाने उत्पादहरुको बिक्री प्रवन्ध गरी रैथाने उत्पादनको प्रयोगमा जोड, रैथाने उत्पादनहरुको बजारीकरण र कृषकको हातमा पैसा र ग्राहकको हातमा शुद्ध जैविक र रैथाने स्वाद चखाउने प्रयोजनका लागि कोसेली घर व्यवस्थित, नियमित रुपमा सञ्चालन र व्यवस्थापनलाई प्रभावकारी बनाउने प्रयोजनका लागि गाउँपालिकाको मिति २०७५।११।१६ को कार्यपालिका बैठकले यो कार्यविधि स्वीकृत गरेको छ ।

## परिच्छेद - १

१. परिभाषा यस कार्यविधिको नामः

भैरवस्थान मन्दिर परिषरमा कोसेली घर सञ्चालन कार्यविधि २०७५ रहनेछ ।

क) "गाउँपालिका" भन्नाले रिव्दीकोट गाउँपालिकालाइ सम्झनुपर्ने छ ।

ख) "वडा कार्यालय" भन्नाले रिव्दीकोट गाउँपालिकाका सबै वडाहरु सम्झनुपर्ने छ ।

ग) "मन्दिर व्यवस्थापन समिति" भन्नाले भैरवस्थान मन्दिर व्यवस्थापन समिति सम्झनुपर्दछ ।

घ) "निर्देशक समिति" भन्नाले गाउँपालिका उपाध्यक्षको संयोजकत्वको समिति सम्झनुपर्दछ ।

ङ "व्यवस्थापन सहायक" भन्नाले कोसेली घरको दैनिक बिक्री तथा खरिद लगायत व्यवस्थापकीय कार्यमा संलग्न कर्मचारी सम्झनुपर्दछ ।

## परिच्छेद - २

कोसेली घरको सञ्चालनलाई व्यवस्थित पद्धतिगत रुपमा सञ्चालन गर्ने र शुद्ध उत्पादन ग्राहकको हातमा पुऱ्याउने र रैथाने उत्पादनहरुको बजारीकरण गर्ने मुख्य उद्देश्य हुने छ ।

## परिच्छेद - ३

(क) यस अघि गाउँपालिकाको निर्णयले गठित कोसेली घर व्यवस्थापन समिति  गाउँपालिका उपाध्यक्षको संयोजकत्वमा, मन्दिर रहेको वडाको वडा अध्यक्ष सदस्य, मन्दिर व्यवस्थापन समितिको अध्यक्ष सदस्य,मन्दिरको व्यवस्थापक सदस्य तथा गाउँपालिकाले तोकेको कर्मचारी सदस्य सचिव रहने (५ सदस्यीय) लाई वैधता दिने । व्यवस्थापन तथा खरिदको सुपरिवेक्षण गाउँपालिकासँगको समन्वय सोही समिति मार्फत गर्ने ।

(ख) उक्त समितिको वैठक कम्तीमा महिनाको एकपटक गर्ने र वैठक भत्ता बढीमा प्रति बैठक पाँचसय सम्म रहने आवश्यकता र औचित्यका आधारमा मन्दिर व्यवस्थापन समितिका अन्य पदाधिकारी तथा गाउँपालिकाको तर्फबाट आमन्त्रित गर्न सक्ने । बैठक बस्दा साधारण खाजाको प्रबन्ध गर्नसक्ने ।

(ग) कोसेली घर उद्घाटन देखि आजका मितिसम्म समिति मार्फत भएका निर्माण कार्यहरुको समर्थन गर्ने तथा यस आ.व मा कोसेली घर सञ्चालनका लागि विनियोजित बजेटबाट अधिकतम ३ लाख सम्मको निर्माण कार्य र बाकी दैनिक परिचाालन कोषमा रहने व्यवस्था गर्ने ।

घ) निश्चित बजेट गाउँपालिकाले परिचालन कोषमा थप गर्न सक्ने तथा मन्दिर व्यवस्थापन समितिको आम्दानीको केही अंश उक्त कोषमा राख्ने व्यवस्था गर्ने ।

## परिच्छेद - ४

## सामाग्री खरिद प्रवन्ध सम्बन्धमा

क) दैनिक खरिद गरिनुपर्ने प्रकृतिका सामग्रीहरुको खरिदको निर्णय समिति संयोजकसंगको सल्लाहमा दैनिक व्यवस्थापन हेर्ने कर्मचारीबाट गर्ने ।

(ख) सामग्री खरिद गर्दा देहायको प्राथमिकताका आधारमा १० प्रतिशत सम्म महंगो भएतापनि वडा तथा गाउँपालिकामा उत्पादित सामग्री नै खरिद गर्ने

पहिलो प्राथमिकता कोसेली घर अवस्थित वडाबाट विक्रीका लागि ल्याइने सामाग्रीहरु

दोस्रो प्राथमिकता रिब्दीकोट गाउँपालिका भरीबाट उत्पादन भै बिक्रीका लागि ल्याइने सामाग्रीहरु ।

तेस्रो प्राथमिकता पाल्पा जिल्लामा उत्पादित बस्तु तथा सामाग्रीहरु ।

चौथो छिमेकी जिल्ला गुल्मी, अर्घाखाची र स्याङ्जाका उत्पादनहरु ।

पाँचौ पहाडि जिल्लाहरुमा उत्पादित भएको सुनिश्चितता भएका सामग्रीहरु ।

कुनै पनि बहानामा तराई क्षेत्रमा उत्पादित गेडागुडी लगायतका दलहन, अन्नबालीहरु खरिद गरिने छैन । तर घरेलु उत्पादनहरु, हातको सीप प्रयोग गरि निर्माण गरिएका सामग्रीहरु खरिद गरी बिक्री गर्न बाधा पर्ने छैन ।

## परिच्छेद - ५

## दैनिक खरिद तथा विक्री प्रबन्ध

(क) दैनिक खरिद तथा विक्री प्रवन्धको लागि एकजना व्यवस्थापन सहायक राखिने छ। व्यवस्थापन सहायक राख्दा रैथाने, भरपर्दो रहे नरहेको यकिन गर्ने जिम्मेवारी समितिको हुने छ। निजलाई दैनिक दुई सय रुपैयाका दरले न्यूनतम खरिद र बिक्रीको बिचको अन्तर नाफाको २५% सम्म समितिले थप सुविधा दिन सक्ने छ।  बिक्री हुने सामग्रीको मुल्य कायम गर्दा प्रचलित बजार मुल्य भन्दा कम र व्यवस्थापकीय खर्च कटाई कायम गर्ने दायित्व समितिको हुनेछ।

साथै व्यवस्थापन सहायक मन्दिर व्यवस्थापन समिति अर्न्तगत कार्यरत कर्मचारीबाट गरिने भएमा खरिद विक्री अन्तर बिचको नाफाको १० प्रतिशतसम्म सुविधा दिन सकिने छ। भक्तालु वढी हुने तथा बढी हुने दिनको आकंलन गरी समितिले उपयुक्त र भरपर्दो व्यक्तिलाई व्यवस्थापक सहायकको सुपरिवेक्षणमा काममा लगाउन सक्ने छ। निजको सुविधा अर्धदक्ष कामदारका लागि तोकिए अनुरुप गाउँपालिकाको दररेटमा उल्लेख गरे वमोजिम हुनेछ। विक्री हुने सामग्रीहरुको मूल्य समय सापेक्ष पुनरावलोकन गरिने छ। पुनरावलोकन गरिएको आधारमा सामग्रीहरुको विक्री गर्ने दायित्व व्यवस्थापन सहायकको रहने छ।

(ख) समितिको निर्णयले भक्तालु कम हुने उपयुक्त समय र दिन यकिन गरी हप्तामा एक दिन पसल बन्द गर्न सकिने छ। भक्तालुको

आवश्यकतालाई मध्यनजर गरि बन्द रहने दिन र समय हेरफेर गर्न सकिने छ ।

(ग) साधारणतया कोसेली घर विहान ७ बजे देखि बेलुका ५ बजेसम्म खुल्ला रहनेछ । भक्तालु कम हुने दिन यकिन गरी सोमा हेरफेर गर्ने निर्णय गर्ने दायित्व समितिको रहने छ ।

(घ) सामाग्री खरिद गर्दा मूल ढडामा प्रविष्ट गरी भुक्तानी पाउने व्यक्तिको हस्ताक्षर र मूल्य यकिन गरी खरिद गर्ने दायित्व व्यवस्थापन सहायकको हुने छ ।

(ङ) दैनिक विक्रीको रेर्कड भरपर्दो तरिकाले राख्ने दायित्व व्यवस्थापन सहायकको हुने छ ।

## परिच्छेद - ६

## सामाग्रीको गुणस्तर, लेभलिङ्ग तथा तालुक निकायबाट हुने निरीक्षण

(क) सामाग्रीहरु गुणस्तर भए नभएको एकिन गर्ने र उक्त सामग्रीहरु सडेगलेको वा बिग्रिने अवस्थाको यकिन समितिबाट गरिने छ । नष्ट गर्नुपर्ने वा स्वास्थ्यलाई तात्विक असर नपार्ने खाध्य बस्तुको न्यून मूल्य कायम गरी बिक्री गर्ने यकिन गर्ने दायित्व समितिको हुनेछ सोही वमोजिम नष्ट गर्ने वा न्यून मूल्य राखी विक्री गर्न व्यवस्थापन सहायकलाई समितिले आदेश दिनसक्ने छ। नष्ट गरिएका सामाग्रीहरुको अभिलेख छुट्टै खातामा राख्ने दायित्व व्यवस्थापन सहायकको हुने छ ।

(ख) समय समयमा जिल्ला प्रशासन, गुणस्तरको क्षेत्रमा काम गर्ने डिभिजन कार्यालय तथा गाउँपालिकाबाट अनुगमन गराउने र दिएको निर्देशनहरुको कार्यान्वयन गराउने दायित्व समितिको रहने छ ।

(ग) सबै सामग्रीहरुको उत्पादन मिति सहितको लेभलिङ्ग र सम्भव भएसम्मका उत्पादनहरुको प्याकेजिङ्ग गर्ने दायित्व व्यवस्थापन सहायकको रहने छ ।

(घ) प्याकेजिङ्ग, लेभलिङ्ग गर्ने दायित्व व्यवस्थापन सहायकको हुनेछ ।

## परिच्छेद - ७

## विविध

(क) सुधार, सहजता, गुणस्तरका लागि समितिले गरेको निर्णय अन्तिम हुने छ ।

(ख) सञ्चालन, व्यवस्थापनका सम्बन्धमा मन्दिर व्यवस्थापन समिति तथा गाउँपालिकासँग समन्वय, सहयोग र सल्लाह लिने दायित्व समितिको हुनेछ ।

(ग) यस कार्यविधिमा आवश्यक संशोधन परिमार्जन वा खारेजी गर्ने सम्मको अधिकार गाउँपालिकामा निहित रहनेछ ।

आज्ञाले
अनिल पौडेल
प्रमुख प्रशासकीय अधिकृत